Sikkim Express 04/10/20



# Two dead, three injured in West landslide

KUSH HANG LEEWANG

**GEYZING, October 3:** Two persons were killed while three sustained injuries when a massive landslide swept away two houses at Boom Taafel under Samdong-Sribadam GPU, Rinchenpong constituency on Friday night. The incident took place at around 8.30 pm with the landslide sweeping away the two houses.

The deceased were identified as Pomkit Lepcha (64) and Normit Lepcha (60). They had gone missing since the landslide and later on Saturday, the body of Normit was recovered from the landslide debris.

The injured persons are Duknam Lepcha (31), his wife Lakit Lepcha (28) and their 10-year-old daughter. All three are admitted at Namchi hospital.

Meanwhile, district officials along with State Medicinal Plant Board chairman Mahendra Gurung and Soreng SDM Ranjan Rai visited the spot today and took stock of the damages.

हि.मा. प्रजाशक्ति 05/10/2020

# पैह्रोले बगायो दुइवटा घर, दुइजनाको मृत्यु

**गेजिङ, ३ अक्टोबरः** पश्चिम सिक्किमको रिश्चेपोङ समष्टि अन्तर्गत साम्दुङ-सिरिबदम ब्लकको टाफिलमा पैह्रोले गत राति दुईवटा घर बगायो भने घटनामा परी दुइ जनाको मृत्यु भएको जानकारी प्राप्त भएको छ। दुइ घरहरू साङ्चो लेप्चा र उनको छोरा डुकनम लेप्चाको रहेको थाहा लागेको छ। घरहरू पैह्रोले पूर्णरूपमा बगाएर लगेको छ। पैह्रोको चपेटमा परेर तीनजना गम्भीर घाइते बनेका छन् भने एक जना निखोज छन् अनि एकजनालाई मृत अवस्थामा भेटिएको छ। पैह्रोको कारण चारवटा गाई पनि मारिएका छन्। पैह्रोको चपेटामा परेर गम्भीर घाइते बनेका तीनजनालाई उपचारको निम्ति नाम्ची जिल्ला अस्पताल रेफर गरिएको जानकारी सोरेङका महकुमा अधिकारी रञ्जन राईले दिएका छन्। घाइतेहरूमा डुकनम लेप्चा (३१) र उनकी पत्नी लाकित लेप्चा (२८) अनि सोमदेन लेप्चा (१०) रहेका छन्। पैह्रोले बगाएर लगेपछि दुइजना निखोज बनेका थिए भने आज दुवैजनाको शव उद्धार गरिएको जानकारी पाइएको छ। मृत्यु हुने दुइजना पोमकित लेप्चा (६४) र नरमित लेप्चा (६२)-हुन्। प्रभावित क्षेत्रमा एसडीआरएफ, प्रशासन, पुलिस, स्थानीय पञ्चायत र गाउँलेहरुको संयुक्त रूपमा जुटेको पनि महकुमा अधिकारीले थप जानकारी दिएका छन्। घटना गत राति गत ८:३० बजीको हो।



## पीड़ितलाई सिक्किम गरीब आवास योजना प्रदान गरिने मुख्यमन्त्रीको घोषणा

अर्कोतिर, पीड़ित परिवारका लागि सरकारले तत्काल राहत राशि प्रदान गरेको छ। प्रत्येक पीड़ित परिवारलाई मुख्यमन्त्री राहत कोषबाट ३ लाख रुपियाँ अनि जिल्ला कोषबाट प्रत्येक परिवारलाई ४ लाख रुपियाँ प्रदान गरिएको जनाइएको छ। यसैगरी मुख्यमन्त्री पीएस गोलेले पीड़ित परिवारका लागि सिक्किम गरीब आवास योजना प्रदान गरिने बताएको जानकारी पाइएको छ। यसैगरी रिश्चेनपोङ समष्टिको एसकेएम सीएलसी कमिटीबाट रु.१० हजार अनि बीडीओ कार्यालयका स्टाफहरूबाट संकलित रु. ५ हजार रुपियाँ पीड़ित परिवारलाई प्रदान गरिएको जनाइएको छ। आज मुख्यमन्त्रीका छोरा प्रभाकर गोले घटनास्थलमा पुगेर उपरोक्त राहत राशि पीड़ित परिवारलाई हस्तान्तरण गरेको जनाइएको छ। यता, सिक्किम क्रान्तिकारी मोर्चा पार्टीले एउटा प्रेस विज्ञप्ति जारी गरेर जनाए अनुसार घटनाको जानकारी पाउनसाथै सिक्किम स्टेट मेडिसिनल प्लान्ट बोर्डका अध्यक्ष महेन्द्र गुरुङले आज घटनास्थलको निरीक्षण गर्दै घटनाबारे जानकारी लिए। उनीसँग पश्चिम जिल्लाका अतिरिक्त पुलिस अधीक्षक नकुल प्रधान, रिश्चेनपोङ समष्टिका एसकेएम प्रभारी फूर्बा छिरिङ भोटिया, एसकेएम रिश्चेनपोङ समष्टि समिति अध्यक्ष सुकहाङ सुब्बा, कलुकका खण्ड विकास अधिकारी विजय प्रसाद सुब्बा, सह-निदेशक कुमार सुब्बा, पञ्चायत निरीक्षक साङ्गी छोपेल भोटियाको प्रतिनिधि टोली साथमा रहेको विज्ञप्तिमा जनाइएको छ।